# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड
## चौधौं वार्षिक साधारण सभा

### काम कारवाहीको विवरण (माइन्यूट)

**१. बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र विकास बैंकको नियमावली बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल पौष २५ गते, सोमवार (तद्नुसार जनवरी ९, २०२३) ।
समय : बिहान ११ : ०० बजे ।
स्थान : ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल प्रा.लि., मणिग्राम, रुपन्देही ।

**३. सभाको सूचना जारी**

३.१. सञ्चालक समितिको मिति २०७९ पौष १ गते बसेको सञ्चालक समितिको २६७औं बैठकले निर्णय गरे बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार मिति २०७९ पौष ३ गते कारोबार राष्ट्रिय दैनिक र २०७९ पौष १२ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

३.२. कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा चौधौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

३.३. कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

**४. सभामा प्रस्तुत छलफलका विषयहरु**

**४.१ सामान्य प्रस्तावहरु :**

४.१.१ आ.व. २०७८/०७९ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

४.१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

४.१.३. आर्थिक बर्ष २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.१.४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ०.७० प्रतिशतले हुने रकम रु. २,६४,६७,०६३.१० (अक्षरेपी दुई करोड चौसट्ठी लाख सतसट्ठी हजार त्रिसट्ठी रुपैंया र पैसा दश मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागी) वितरण गर्न स्विकृत गर्ने ।

४.१.५. सञ्चालक नियुक्तीको अनुमोदन गर्ने ।

४.२. **विशेष प्रस्तावहरु :**

४.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयर प्रिमियम रु. ५,५१,०९,६०५.०० (अक्षरेपी पाँच करोड एकाउन्न लाख नौ हजार छ सय पाँच मात्र) सहित वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको १३.३० प्रतिशतले हुन आउने रकम रु. ५०,२८,७४,१९८.९० (अक्षरेपी पचास करोड अट्ठाइस लाख चौहत्तर हजार एक सय अन्ठानब्बे रुपैया र पैसा नब्बे मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको संम्वन्धित दफा संशोधन गर्ने ।

४.२.२ बैदेशिक भ्रमण भत्ता तथा सुबिधाहरु निर्धारण गरी सोही बमोजिम नियमावलीको संम्वन्धित नियम संशोधन गर्ने ।

४.२.३. कर्पोरेट कार्यालय सम्वन्धी ब्यवस्था प्रबन्धपत्र तथा नियमावलीमा थप गर्ने ।

४.२.४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

४.२.५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

४.३. **विविध**

५. **सभामा उपस्थिति**

५.१ **सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| ५.१.१. श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| ५.१.२. श्री ताराप्रसाद उपाध्याय | सञ्चालक | उपस्थित |
| ५.१.३. डा. सुरज उप्रेती | सञ्चालक | उपस्थित |
| ५.१.४. ई. मोहन चापागाई | सञ्चालक | उपस्थित |
| ५.१.५. श्री बिरेन्द्र बिष्ट | सञ्चालक | उपस्थित |
| ५.१.६ श्री नम्रता भण्डारी | सञ्चालक | उपस्थित |
| ५.१.७ श्री गोपाल प्रसाद पाण्डे | स्वतन्त्र सञ्चालक | उपस्थित |

५.२ **बैंक पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| ५.२.१. श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ५.२.२. श्री लोकराज पनेरु | नायव प्रमुख कार्यकारी अधिकृत |
| ५.२.३. श्री यशोधन पाण्डेय | मुख्य प्रवन्धक |
| ५.२.४. श्री भुवनप्रसाद पन्थ | बरिष्ठ प्रवन्धक |
| ५.२.५. श्री लालमणी पन्थी | बरिष्ठ प्रवन्धक |
| ५.२.६. श्री नम्रता थापा | कामु. प्रवन्धक |
| ५.२.७. श्री गोपाल खनाल | उप प्रवन्धक |
| ५.२.८. श्री शैलेश कुमार श्रीवास्तव | उप प्रवन्धक |
| ५.२.९. श्री प्रवास राई | उप प्रवन्धक |
| ५.२.१०. श्री मित्रमणी पोखरेल | उप प्रवन्धक |
| ५.२.११ श्री अर्जुन खड्का | कामु. उप प्रवन्धक |
| ५.२.१२ श्री कृष्ण हरी भण्डारी | कामु. उप प्रवन्धक |

५.२.१३. श्री जगत कुमार महतारा सहायक प्रवन्धक
५.२.१४ श्री देबी प्रसाद पौडेल सहायक प्रवन्धक

**५.३ शेयरधनीहरुको उपस्थिति**

५.३.१. संस्थापक शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित ६३ जना र प्रोक्सी मार्फत १८१ जना उपस्थिती भै कुल शेयर संख्या १,६०,९५,०४० कित्ता ।

५.३.२. सर्वसाधारण शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित १८२ जना र प्रोक्सी मार्फत २०८ जना उपस्थित भै कुल शेयर संख्या ४३,३९,०३८ कित्ता को प्रतिनिधित्व ।

५.३.३. कुल उपस्थित शेयर संख्या २,०४,३४,०७८ कित्ता ।

५.३.४. शेयरको कुल उपस्थिति प्रतिशत ५४.०४ प्रतिशत ।

**६. सभाको गणपूरक संख्या**

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **३,७८,१०,०९०.१४** | २,०४,३४,०७८ | २४५ | ३८९ | ६३४ | ५४.०४ |

कम्पनीको कुल शेयर कित्ता मध्ये ७५,९२,२०८ शेयर कित्ताका २४५ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र १,२८,४१,८७० शेयर कित्ताका ३८९ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयर संख्याको ५४.०४ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

**७. सभाको वैधानिकता**

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान ११:०० बजेसम्म कूल शेयर संख्या ३,७८,१०,०९०.१४ कित्ताको २,०४,३४,०७८ शेयर अर्थात ५४.०४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने ३ (तीन) जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानूनी बमोजिम सभा बैधानिक रहेको कम्पनी सचिवले जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथिको तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**८. सभाको अध्यक्षता**

कम्पनी ऐन, २०६३ को दफा ७४, उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भए बमोजिम उहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, बैंकका पदाधिकारीहरु सबैलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

## ९. चौधौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती

### ९.१ चौधौं वार्षिक प्रतिवेदन प्रस्तुती

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत अभिबादन गर्दै पूर्व निर्धारित छलफलको विषय-सूची अनुसार आर्थिक बर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो ।

### ९.२ लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती

अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिबेदन सहित मिति २०७९ आषाढ मसान्तसम्मको चौधौं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको लेखापरीक्षण प्रतिवेदन सहितका विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आव्हान

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको चौधौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

## ११. छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझाव

सभामा शेयरधनी महानुभावहरुले विभिन्न जिज्ञासा तथा सुझावहरु राख्नु भयो भने उक्त जिज्ञासाहरु उपर अध्यक्ष थानेश्वर पौडेल तथा प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जवाफ दिनु भएको थियो ।

## १२. सभाको निर्णय

### १२.१. साधारण प्रस्ताव

१२.१.१. आ.व. २०७८/०७९ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.३. आर्थिक बर्ष २०७९/०८० को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्ताव देहाय बमोजिम हुनेगरी सभाबाट सर्वसम्मतले पारित भयो ।

- आर्थिक बर्ष २०७९/०८० को लेखापरीक्षण कार्य गर्नका लागि **एस.ए.आर. एशोसियट्स** लाई मूल्य अभिबृद्धि कर सहित **रु. ११,३०,०००/- (अक्षरेपी एघार लाख तीस हजार मात्र)** लेखापरीक्षण शुल्क भुक्तानी गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

१२.१.४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ०.७० प्रतिशतले हुने रकम रु. २,६४,६७,०६३.१० (अक्षरेपी दुई करोड चौसट्ठी लाख सतसट्ठी हजार त्रिसट्ठी रुपैया र पैसा दश मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागी) वितरण गर्न पेश गरेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.५. सञ्चालक नियुक्तीको अनुमोदन गर्ने सम्वन्धमा ।

सञ्चालक समितिको मिति २०७८/१०/२२ गते बसेको बैठक नं. २५० को निर्णयवाट सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्नेगरी रिक्त रहेको सञ्चालक पदमा सर्वसाधारण शेयरधनी श्री नम्रता भण्डारीलाई मिति २०७८/१०/२२ गतेदेखी लागू हुनेगरी भएको नियुक्ती सभावाट अनुमोदन गरी सञ्चालक समितिको चालु कार्यकालसम्मका लागी नीजलाई सञ्चालक कायम गर्नका लागी पेश भएको प्रस्ताव सर्वसम्वतीले पारित भयो ।

१२.२. **विशेष प्रस्ताव**

१२.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयर प्रिमियम रु. ५,५१,०९,६०५.०० (अक्षरेपी पाँच करोड एकाउन्न लाख नौ हजार छ सय पाँच मात्र) सहित वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको १३.३० प्रतिशतले हुन आउने रकम रु. ५०,२८,७४,१९८.९० (अक्षरेपी पचास करोड अट्ठाइस लाख चौहत्तर हजार एक सय अन्ठानब्बे रुपैया र पैसा नब्बे मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

साथै, बोनस शेयर वितरणपछि बैंकको पूँजी संरचना परिवर्तन हुने भएकाले प्रवन्धपत्रमा देहाय बमोजिमको संशोधन गर्ने सम्वन्धी देहाय बमोजिमको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**प्रवन्ध-पत्र तर्फ :**

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

**(ख)** विकास बैंकको जारी पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ४,२८,३८,८३२/१३ (चार करोड अट्ठाइस लाख अड्तिस हजार आठ सय बत्तिस दशमलव एक तिन) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ ।

१२.२.२. बैदेशिक भ्रमण भत्ता तथा सुबिधाहरु निर्धारण गरी सोही बमोजिम नियमावलीको संम्वन्धित नियम संशोधन गर्ने सम्वन्धी देहाय बमोजिमको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**नियमावली तर्फ**

**नियम ३२ (२) ग**

विकास बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

(अ) १. नेपाल भरी दैनिक भत्ता रु. ६,०००/- (छ हजार मात्र)

२. सार्क मुलुक भरी दैनिक भत्ता ११० अमेरिकी डलर ।

३. सार्क मुलुक बाहेकका अन्य विदेशी मुलुकको दैनिक भत्ता १५० अमेरिकी डलर ।

१२.२.३. कर्पोरेट कार्यालय सम्वन्धी व्यवस्था प्रबन्धपत्र तथा नियमावलीमा थप गरी सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको संम्वन्धित नियम संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव देहाय बमोजिम हुने गरी सर्वसम्मतीले पारित भयो ।

**प्रवन्ध-पत्र तर्फ :**

**दफा २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय रहने ठेगाना**

(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**नियमावली तर्फ**

**नियम २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय**

(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

१२.२.४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने,

सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.२.५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**१२.३. विविध**

विविध विषय अन्तर्गत छलफलको लागि कुनै विषयवस्तु नरहेको ।

**१३. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

बैंकको चौधौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, सञ्चालक समिति, बैंकमा कार्यरत कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्ष ज्यूले अपरान्ह ३ : ०० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

..................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

..................
थानेश्वर पौडेल
अध्यक्ष (सञ्चालक समिति)

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

### प्रवन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधन तथा थप (तीन महले)

| हालको व्यवस्था | प्रस्तावित व्यबस्था | संशोधन गर्नुको औचित्य |
|---|---|---|
| **दफा २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** | **दफा २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय रहने ठेगाना**<br>(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ । | कारोवार विस्तार सँगै काठमाण्डौंमा कर्पोरेट कार्यालय संचालन गर्न आवश्यक भएकोले । |
| **दफा ६ : विकास बैंकको पूँजी संरचना** | **दफा ६ : विकास बैंकको पूँजी संरचना** | |
| **(ख)** विकास बैंकको जारी पूँजी रु. ३,७८,१०,०९,०१४/२६(अक्षरेपी तीन अर्ब अठहत्तर करोड दश लाख नौ हजार चौध रुपैया र पैसा छब्बिस मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ३,७८,१०,०९०/१४ (तीन करोड अठहत्तर लाख दश हजार नब्बे दशमलव एक चार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **(ख)** विकास बैंकको जारी पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ४,२८,३८,८३२/१३ (चार करोड अट्ठाइस लाख अड्तिस हजार आठ सय बत्तिस दशमलव एक तिन) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर बितरण पश्चात जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले । |
| **(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ३,७८,१०,०९,०१४/२६ (अक्षरेपी तीन अर्ब अठहत्तर करोड दश लाख नौ हजार चौध रुपैया र पैसा छब्बिस मात्र) हुनेछ । | **(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ । | |

## नियमावलीमा गरिएको प्रस्तावित संशोधन तथा थप (तीन महले)

| हालको व्यवस्था | प्रस्तावित व्यबस्था | संशोधन गर्नुको औचित्य |
|---|---|---|
| **नियम २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय** | **नियम २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय**<br>(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ । | कारोवार विस्तार सँगै काठमाण्डौंमा कर्पोरेट कार्यालय संचालन गर्न आवश्यक भएकोले । |
| **नियम ३२ (२) ग**<br>विकास बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) दैनिक भत्ता रु. ६,०००/- (छ हजार मात्र) | **नियम ३२ (२) ग**<br>विकास बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) १. नेपाल भरी दैनिक भत्ता रु. ६,०००/- (छ हजार मात्र)<br>२. सार्क मुलुक भरी दैनिक भत्ता ११० अमेरिकी डलर ।<br>३. सार्क मुलुक बाहेकका अन्य विदेशी मुलुकको दैनिक भत्ता १५० अमेरिकी डलर । | सञ्चालकहरुलाई बैदेशिक भ्रमण भत्ता व्यवस्था गर्न । |

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## प्रबन्ध-पत्रमा भएको संशोधन

**दफा २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय रहने ठेगाना**

(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

**(ख)** विकास बैंकको जारी पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ४,२८,३८,८३२/१३ (चार करोड अट्ठाइस लाख अड्तिस हजार आठ सय बत्तिस दशमलव एक तिन) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ४,२८,३८,८३,२१३/१६ (अक्षरेपी चार अर्ब अट्ठाइस करोड अड्तिस लाख त्रियासी हजार दुई सय तेह्र रुपैया र पैसा सोह्र मात्र) हुनेछ ।

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## नियमावलीमा भएको संशोधन

**नियम २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय र कर्पोरेट कार्यालय**

(२) विकास बैंकको कर्पोरेट कार्यालय बागमती प्रदेशको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**नियम ३२ (२) ग**

विकास बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

(अ) १. नेपाल भरी दैनिक भत्ता रु. ६,०००/- (छ हजार मात्र)
२. सार्क मुलुक भरी दैनिक भत्ता ११० अमेरिकी डलर ।
३. सार्क मुलुक बाहेकका अन्य विदेशी मुलुकको दैनिक भत्ता १५० अमेरिकी डलर ।